**गोरखा जिल्लाको खाद्य सुरक्षा बुलेटिन**
**अवधि: चैत्र २०७१ देखि आषाढ २०७२**
**जिल्ला खाद्य सुरक्षा सञ्जाल बैठक मिति: साउन १२, २०७२**
**अंक: १३**

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## प्रभाव परिणाम

### खाद्य उपभोग

जिल्ला खाद्य सुरक्षा सञ्जालले अनुमान गरे अनुसार समूह-क मा करीब ५० प्रतिशत घरधुरीहरुले, समूह-ख मा ७० प्रतिशत घरधुरीहरुले र समूह-ग मा ८० प्रतिशत घरधुरीहरुले मात्र आफ्ना आधारभूत खाद्य आवश्यकताहरु प्राप्त गरेका थिए । जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार भूकम्पको असरका कारण खाद्य संचयमा भएको नोक्सानी र कृषि उत्पादनको हिसाबले रिक्त अवधी भएको हुँदा खाद्य उपभोगको अवस्था खराब भएको हो । भूकम्प पश्चातको अवधिमा समूह-क र समूह-ख का घरधुरीहरुले खाद्य वस्तु उपभोगका लागि अधिकतम् रुपमा राहत सहयोगमा निर्भर हुनुपरेको थियो ।


### जीविकोपार्जन तथा निर्वाह पद्धती

जिल्ला दैवी प्रकोप उद्धार समितिका अनुसार भूकम्पका कारण ९२ प्रतिशत घरधुरीहरुमा असर परेको थियो र १३,०४६ घरहरु ध्वस्त भएका थिए । जिल्ला खाद्य सुरक्षा सञ्जालले रिपोर्ट गरे अनुसार भूकम्पका कारण परम्परागत जीविकोपार्जनका गतिविधिहरु जस्तै : पर्यटन, पशुपालन र गैर काष्ठ वनपैदावार जस्ता प्रणालीमा अधिकतम असर परेको थियो । समूह-ग अन्तर्गतका घरधुरीहरुले उनीहरुको परम्परागत जीविकोपार्जनका अवस्थाहरुमा पहिलेकै अवस्थामा पुनरागमन गरेका छन् भने समूह-ख र समूह-ग का घरधुरीहरुले आफ्नो दैनिक आवश्यकता पूरा गर्नका लागि धेरै भन्दा धेरै विप्रेषण र बाहय सहायतामा निर्भर गर्नु परेको थियो ।

### तीब्र बाल कुपोषण

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार तीब्र बाल कुपोषण सम्बन्धि दुब्लोपना तथा ख्याउटेपनाको नियमित तथ्यांक उपलब्ध थिएन । यद्दपी पाँच बर्ष भन्दा मुनिका बालबालिकाहरुमा लिइएको MUAC नाप अनुसार समग्र बालबालिकाहरुको (१२,९६७ मध्ये) २.२ प्रतिशतमा तीब्र कुपोषणको अवस्था देखिएको थियो। खानेपानी आपूर्ती प्रणालीमा र सरसफाइका सुविधाहरुमा क्षती भएको हुनाले स्वास्थ्य र सरसफाई अवस्था पनि खराब रहेको थियो ।

## खाद्य सुरक्षा चरण नक्शा र अनुमानित खाद्य असुरक्षित जनसंख्या




**प्रमुख कारण, सन्दर्भ तथा मुख्य बुदाहरु :** बैशाख २५ गतेको भुकम्पको केन्द्रबिन्दु भएकोले गोरखा सबैभन्दा प्रभावित जिल्ला मध्ये एक रहयो । जिल्ला दैवी प्रकोप उद्धार समितिका अनुसार जिल्लाका ९० प्रतिशत घरहरुमा असर परेको थियो भने ४६७ मानिसहरुले ज्यान गुमाएका थिए ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले भूकम्पका असरका कारण खाद्य सुरक्षा अवस्थामा ह्रास आएको आंकलन गर्दै समूह-क अन्तर्गत उत्तरी भेगका २० गा.वि.स हरुलाई उच्चतम् खाद्य असुरक्षित (चरण ३) अवस्थामा वर्गिकरण गरयो । जिल्ला खाद्य सुरक्षा सञ्जालले समूह-ख का थप १७ गा.वि.स हरुलाई मध्यम स्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा वर्गिकरण गरयो । बाँकी क्षेत्रहरु (२३ गा.वि.स हरु र २ नगरपालिकाहरु) लाई न्यूनतम खाद्य असुरक्षित (चरण १) मा वर्गिकरण गरिएको थियो । *माथिको नक्शामा हेर्न सकिन्छ* ।

जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार समूह-क का अधिकांश घरधुरीहरुले ७० प्रतिशत खाद्य संचय गुमाएका थिए भने तीनिहरुले खाद्य वस्तुको उपभोग र अन्य दैनिक आवश्यकिय वस्तुका लागि राहत सहयोगमा निर्भर हुनु परेको थियो । जिल्ला खाद्य सुरक्षा सञ्जालले रिपोर्ट गरे अनुसार पर्यटन, पशुपालन र गैर काष्ठ उत्पादन जस्ता जीविको पार्जनका क्रियाकलापहरुमा असर परेको थियो । त्यसैगरी, सडक र बाटोघाटोमा क्षती भएकोले स्थानीय बजार पनि सुचारु हुन सकेको थिएन ।

समूह-क मा रहेका गा.वि.स र न.पा.हरु पनि भूकम्पबाट प्रभावित भएका थिए तर जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार ती क्षेत्रमा हाल जनजीवन सामान्य भैरहेको र अधिकांश घरधुरीहरुले आफ्नै उत्पादनबाट खाद्य आवश्यकता परीपूर्ती गरिरहेका छन र स्थानीय बजार सुचारु भएको हुँदा पहिले जस्तै स्थानीय बजारमा निर्भरता शुरु भएको छ । कृषि र निर्माण कार्यमा हुने ज्यालादारीका अवसरहरु पनि पुनर्स्थापित भैसकेको अवस्था छ ।

| चरण ३ गा.वि स.हरु | २०७२ को अनुमानित जनसंख्या | चरण ३ मा अनुमानित जनसंख्या |
|---|---|---|
| बारपाक | ५३,४२ | ५,३०० |
| सामागाउँ | ६४७ | ६०० |
| ल्हो | ७६२ | ७०० |
| प्रोक | ६१६ | ६०० |
| चुम्चेट | ९९४ | ९०० |
| छेकम्पार | १,०५३ | १,००० |
| सिर्दिबास | २,६९० | २,६०० |
| काशीगाउँ | १,९६९ | १,७०० |
| केराउन्जा | ३,४८१ | ३,००० |
| लाप्राक | २,३१६ | २,३०० |
| उहिया | १,९९० | १,८०० |
| गुम्दा | २,४६८ | २,२०० |
| भि | ६५६ | ६०० |
| लापु | १,९५४ | १,८०० |
| मान्चु | ६,४४७ | ५,५०० |
| ध्याचोक | २,१४० | १,९०० |
| खरिबोट | २,६२९ | २,२०० |
| सौरपानी | ६,३८५ | ५,४०० |
| स्वारा | ३,९७९ | ३,४०० |
| थुमी | ४,८०२ | ३,८०० |
| **जम्मा** | ५३,३२० | ४७,३०० |
| प्रभावित जनसंख्या (जिल्लाको सम्पूर्ण जनसंख्याको प्रतिशतको आधारमा) | | १६% |
| स्रोत : जिल्ला खाद्य सुरक्षा सञ्जाल | | |

**पूर्वानुमान :** जिल्ला खाद्य सुरक्षा सञ्जालले प्रक्षेपण गरे अनुसार श्रावण देखि कार्तिक २०७२ सम्मको अवधिमा खाद्य सुरक्षा अवस्थामा सुधार हुनेछ र हाल मध्यम स्तरीय खाद्य असुरक्षित (समूह-ख) अवस्थामा रहेका १७ गा.वि.स हरु न्यूनतम खाद्य असुरक्षित चरणमा वर्गिकृत हुनेछन् । यद्दपी, जिल्ला खाद्य सुरक्षा सञ्जालले हाल उच्चतम खाद्य असुरक्षित चरणमा वर्गिकरण गरेका २० गा.वि स हरुको अवस्था श्रावण देखि कार्तिक महिनाको अबधिमा पनि यथावत नै रहने अनुमान गरेको छ ।

जिल्लाको उत्तरी गा.वि स हरुमा असोज महिनामा मकै भित्रयाइनेछ र यसले घरधुरीको खाद्य संचयमा बृद्धि हुनेछ, तर बर्षातका कारण सडक यातायातमा समस्या आइ दुर्गम क्षेत्रहरुमा ढुवानीमा असर पार्नेछ । जिल्ला खाद्य सुरक्षा सञ्जालले यो अवधिमा गैर काष्ठ वनपैदावारबाट हुने आम्दानीमा समेत कमी आउने अनुमान गरेको छ । अत, जिल्ला खाद्य सुरक्षा सञ्जालले हाल उच्चतम खाद्य असुरक्षित चरण मा वर्गिकृत भएका २० गा.वि.स हरुको अवस्था यथावत नै रहने जनाएको छ । अर्कोतिर, जिल्ला खाद्य सुरक्षा सञ्जालले समूह-ख मा रहेका गा.वि.स हरुको अवस्थामा भने मकै र आलुको उतपादन र कृषि र गैर काष्ठ उत्पादनबाट हुने आम्दानी पछि सुधार हुने जनाएको छ । मनसुनका कारण सडक अबरुद्ध हुन गइ ढुवानीमा भने समस्या हुन सक्नेछ । जिल्ला खाद्य सुरक्षा सञ्जालले समूह-ग का गा.वि.स हरुमा अगौटे धान र मकै भित्रयाइएपछि घरधुरीहरुको खाद्य संचयमा बृद्धि हुने र कृषि तथा पशुपालनबाट हुने लगातारको आम्दानीका कारण ती क्षेत्रहरु न्यूनतम खाद्य असुरक्षित चरणमा वर्गिकरण हुने अपेक्षा गरिएको छ ।

विस्तृत जानकारीका लागि सम्पर्क : DFSN सचिवालय, DADO, गोरखा

DFSN सम्बन्ध निकायहरु: DAO, DDC, DADO, DLSO, WDO, DFO, DEO, DTO, DHO, District Irrigation Office, ADBL, FNCCI, NRCS, NFC, NEA, MCAP-Gorkha, NEA, NGO Federation, DCF, Farmer representatives, Entrepreneur, FECOFUN, NGO Network and WFP.

WFP
wfp.org

यो प्रकाशन यूरोपियन यूनियनको सहयोगमा तयार पारिएको हो ।यस बुलेटीनमा प्रकाशित विचारहरुले यूरोपियन यूनियनको विचारहरुलाइ प्रतिविम्बित गर्छ भन्ने कुनै जरुरी छैन ।